# पशुपति अमालकोटमै जुवा अड्डा

**काठमाडौं ।** पशुपति क्षेत्र विकास कोषअन्तर्गत श्री पशुपतिनाथ अमालकोट कचहरीको कार्यालयभित्रै जुवातास खेलिरहेको अवस्थामा सातजनालाई प्रहरीले पक्राउ गरेको छ । पशुपति क्षेत्र विकास कोषका संस्कृति महाशाखा प्रमुख ईश्वरमान भण्डारीसहित सातजनालाई नगदसहित प्रहरीले शनिबार पक्राउ गरेको हो । नेपाल प्रहरीको महानगरीय प्रहरी वृत्त गौशालाका प्रमुख प्रहरी नायब उपरीक्षक (डिएसपी) सुकदेव खनालले जुवा खेलिरहेको अवस्थामा सातजनालाई पक्राउ गरिएको पुष्टि गर्नुभएको छ ।

खनालले अभियुक्तमाथि अनुसन्धान कार्य अघि बढाइएको जानकारी दिनुभएको छ । 'पक्राउ गरेर अनुसन्धान अघि बढाइएको छ । शनिबार बिदा भएकाले आइतबारदेखि आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ,' उहाँले भन्नुभयो ।

यसैबीच, पशुपति क्षेत्र विकास कोषका सदस्य-सचिव डा. मिलनकुमार थापाले अमालकोट कचहरीभित्रै जुवातास खेल्नेहरू पक्राउ परेको सूचना आफूले पाएको बताउनुभयो । डा. थापाले प्रहरी अनुसन्धान सकिएपछि कोषको कर्मचारी सेवा नियमावलीअनुसार कारबाही अघि बढाइने प्रष्ट पार्नुभएको छ । 'सातजनामध्ये को दोषी को निर्दोष भन्ने कुरा प्रहरी अनुसन्धानपछि थाहा हुने नै छ ।

---

## दुग्ध विकास संस्थान
## डिडिसि पशु आहारा उत्पादन कारखाना, हेटौंडा

**पशु दाना उत्पादनका लागि कच्चा पदार्थ खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

दरभाउपत्र आह्वानको सूचना नं. १/DDC CATTLE FEED/०८१/०८२
प्रथम पटक प्रकाशित मिति : २०८२।२।५

(१) यस कारखानालाई पशुदाना उत्पादन गर्नका लागि तपसिल बमोजिमको परिमाण कच्चा पदार्थ संस्थानको स्पेसिफिकेसन बमोजिम खरिद गर्नु पर्ने भएकोले आपूर्ति सम्बन्धी व्यवसाय गर्ने सम्बन्धित निकायमा दर्ता भएका आपूर्तिकर्ताहरूबाट कच्चा पदार्थ आपूर्ति गर्न (रु.१,००० दस्तुर पछि फिर्ता नहुने गरी) यो दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| सि.न. | सामानको विवरण | परिमाण | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | राईसब्रान (डि.ओ.सी.) | १५ लाख बराबरको | १,०००।- | |
| २ | भटमास पीना | १५ लाख बराबरको | १,०००।- | |
| ३ | तोरी पीना | १५ लाख बराबरको | १,०००।- | |

(२) दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने ईच्छुक नेपाली आपूर्तिकर्ताले लिखित आवेदन सहित यस कारखानाको कार्यालय सिर्सीयारी हेटौंडामा रु.१,०००।- (एक हजार) तिरी (फिर्ता नहुने) बुझाई यो सूचना प्रकाशित भएको मितिले १५औं दिन अर्थात् २०८२।२।१९ गते कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

(३) दरभाउपत्र पेश गर्दा दरभाउपत्र साथ आफूले कबोल गरेको कुल रकमको २.५% ले हुने रकम हेटौंडास्थित हिमालयन बैंकमा रहेको यस कारखानाको खाता नं. ०१९०५७२३२८००१७ मा जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन मान्य अवधि भएको बैंक ग्यारेन्टी पत्र संलग्न भई आउनुपर्नेछ ।

(४) सिलबन्दी गरिएको दरभाउपत्र डिडिसि पशु आहारा उत्पादन कारखाना सिर्सीयारी हेटौंडामा १६औं दिन अर्थात् मिति २०८२।२।२० गते दिनको १२.०० बजेभित्र बुझाउनुपर्नेछ । तोकिएको समयपछि प्राप्त दरभाउपत्र स्वीकार गरिने छैन ।

(५) दाखिला भएका दरभाउपत्र मिति २०८२।२।२० गते दिनको २ बजे उपस्थित हुन चाहेका दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा डिडिसि पशु आहारा उत्पादन कारखानाको कार्यालय सिर्सीयारी हेटौंडामा खोलिनेछ ।

(६) दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो कार्यहरू बिदा भुक्तान भएको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

(७) दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कारखानामा सुरक्षित रहनेछ ।

(८) यस सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा कार्यालय समयभित्र यस कारखानाको कार्यालय हेटौंडा, सिर्सीयारीमा सम्पर्क राख्न सकिनेछ ।

दुग्ध विकास संस्थान
डिडिसि पशु आहारा उत्पादन कारखाना
हेटौंडा, सिर्सीयारी, फोन नं.- ५२०३८५

---

## घितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना ५ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय नेपालगञ्जबाट तपशिलमा उल्लेखित ऋणीले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य सिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरूले देहाय बमोजिमको शर्त तथा बन्देजहरूको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरूमा गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

क) कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा

**ऋणीको विवरण**

पहल सिंह कार्कीको नाति खड्क बहादुर कार्कीको छोरा सुर्खेत जिल्ला छिन्चु वडा नं. ७ हाल, भेरीगंगा न.पा. वडा नं. १२ बस्ने **खिम बहादुर कार्की** (ना.प्र.नं. : ६४३०८०७४/२५४५ जारी मिति र जिल्ला : २०५४/०९/१६, सुर्खेत)

**व्यक्तिगत धनजमानीकर्ताहरूको विवरण**

१) पहल सिंह कार्कीको बुहारी खड्क बहादुर कार्कीको पत्नी सुर्खेत जिल्ला छिन्चु वडा नं. ७ हाल, भेरीगंगा न.पा. वडा नं. १२ बस्ने **श्रीमती देउकली कार्की** (ना.प्र.नं. : १४०९९ जारी मिति र जिल्ला : २०४५/१२/१६, सुर्खेत)

२) कुल बहादुर घर्तीको छोरी खड्क बहादुर कार्कीको बुहारी खिम बहादुर कार्कीको पत्नी सल्यान जिल्ला सेजुवाल टाकुरा वडा नं. २ हाल, शारदा न.पा. वडा नं. ५ बस्ने **गीता घर्ती** (ना.प्र.नं. : ५५१००९/०८४ जारी मिति र जिल्ला : २०६४/०३/१०, सल्यान)

**ख) कर्जा शिर्षक : आवास कर्जा**

**ऋणीको विवरण**

कुल बहादुर घर्तीको छोरी खड्क बहादुर कार्कीको बुहारी खिम बहादुर कार्कीको पत्नी सल्यान जिल्ला सेजुवाल टाकुरा वडा नं. २ हाल, शारदा न.पा. वडा नं. ५ बस्ने **गीता घर्ती** (ना.प्र.नं. : ५५१००९/०८४ जारी मिति र जिल्ला : २०६४/०३/१०, सल्यान)

**व्यक्तिगत धनजमानीकर्ताहरूको विवरण**

१) पहल सिंह कार्कीको बुहारी खड्क बहादुर कार्कीको पत्नी सुर्खेत जिल्ला छिन्चु वडा नं. ७ हाल, भेरीगंगा न.पा. वडा नं. १२ बस्ने **श्रीमती देउकली कार्की** (ना.प्र.नं. : १४०९९ जारी मिति र जिल्ला : २०४५/१२/१६, सुर्खेत)

२) पहल सिंह कार्कीको नाति खड्क बहादुर कार्कीको छोरा सुर्खेत जिल्ला छिन्चु वडा नं. ७ हाल, भेरीगंगा न.पा. वडा नं. १२ बस्ने **खिम बहादुर कार्की** (ना.प्र.नं. : ६४३०८०७४/२५४५ जारी मिति र जिल्ला : २०५४/०९/१६, सुर्खेत)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/०९/२३ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८१/११/१८ को सौर्य दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगललगापात समेत ।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| देउकली कार्की | सुर्खेत जिल्ला लेकपराजुल वडा नं. ९ | ९ज | १७२८ | ७८८.९० |
| गीता घर्ती | बर्दिया जिल्ला तारताल वडा नं. ६ | ६ख | १४१ | ६७७.२६ |
| | | | २२२ | १,०१५.८९ |

**शर्त बन्देजहरू :**

१) सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०२/१९ गते सोमबार भित्र यस बैंकको शाखा कार्यालय नेपालगञ्ज आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरू जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरू मिति २०८२/०२/२० गते मंगलबार दिउँसो ३:०० बजे यस बैंकको शाखा कार्यालय नेपालगंजमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सुचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जस्ता बैंकमा रहन, बैंक जनतामा जानु पर्छ

---

## Sundarharaincha Municipality
## Office of Municipal Executive
Biratchowk, Morang, Koshi Province, Nepal

**Invitation for Bids**

**Date of publication: 2082/02/05**

1. The **Sundarharaincha Municipality, Office of Municipal Executive** invites electronic bids from eligible bidders for the procurement as stated in table below under NCB bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents may visit e-GP system: **www.bolpatra.gov.np/egp.**
3. **For bidding document Fee in the following bank.**
   **Name of the Bank: Agricultural Development Bank**
   **Name of the Office: Sundarharaincha Municipality**
   **Office Account No.: 0601501147630146**
   **Rajaswa Shirshak no: 14229**
   **Office code no: 801011309**
4. Bids must be valid for a period of **90 days** counting from the day of bid opening. Amounting to a Minimum of as stated in a table below. which shall be valid for a minimum of **30 days** beyond the bid validity period. **For Cash Deposit Bank details:**
   **Name of the Bank: Agricultural Development Bank**
   **Name of the Office: Sundarharaincha Municipality**
   **Office Account No.: 0601501147630030**
5. If the Bid opening day falls on a government holiday, then the Bid will be opened on the next working day.
6. Any change or amendment on notice or bid document will be published on e-GP system: **www.bolpatra.gov.np/egp** or office website: **www.sundarharaichamun.gov.np**

| S. N. | Contract ID No. | Name of Project Work | Estimated Amount Nrs. (without VAT) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Last Date of Bid Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SHM/MOR/NCB/W/55/2081/082 | Street Lighting Works With Phase Addition and Pole Erection | 5620067.59 | 3000.00 | 150000.00 | 2082/03/04 12:00PM | 2082/03/04 01:00PM | NCB |

**Chief Administrative Officer**

---

स्थानीय सरकार
## मैवाखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
साँघु, ताप्लेजुङ, कोशी प्रदेश, नेपाल
स्था : २०७३

**जस्तापाता खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रकाशित मिति २०८२/०२/०५)
सूचना नं.-४५-२०८१/८२

मैवाखोला गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ मा फुसको छाना विस्थापन सम्बन्धी स्वीकृत कार्यक्रम अनुसार आवश्यक जस्तापाता जन्य सामग्रीहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० तथा नियमावली (संशोधन सहित), २०६४ को नियम ८४ (१) अनुसार सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक सामग्री उत्पादक तथा बिक्रेताहरुबाट निम्न शर्तहरुको अधीनमा रही सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८२/०२/१९ गते) सम्ममा कार्यालय समय भित्र यस कार्यालयबाट सिलबन्दी दरभाउपत्र फारम खरिद गरी पेश गर्नका लागि सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | विवरण | सिलबन्दी दरभाउपत्र नं. | जमानत रकम (रू.) | सिलबन्दी दरभाउपत्र दस्तुर (रू.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | जस्तापाता सम्बन्धी सामग्री | MRM/SHPW/SQ/2081/082-02 | ५०,०००।- | १,०००।- | |

**शर्तहरू:**

१. सिलबन्दी दरभाउपत्र फारम खरिद गर्न आधिकारीक फर्म वा कम्पनीको निवेदनका साथ साथै निम्न कागजातहरु संलग्न गर्नुपर्नेछ ।
(क) वाणिज्य विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपि (ख) मु.अ.क.मा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
(ग) आ.व. २०८०/८१ सम्मको कर चुक्ता पत्रको प्रमाणित प्रतिलिपि
(घ) प्रोपाइटर स्वयं उपस्थित हुन नसकेमा निजको आधिकारिक अख्तियारनामा (ङ) फर्म वा व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि
(च) मैवाखोला गाउँपालिकाको लक्ष्मीसनराइज बैंक लिमिटेडमा रहेको "मैवाखोला गाउँ कार्यपालिका ग १.१ आन्तरिक राजश्व खाता ०७६०४६२१२४७०३००५" (MAIWAKHOLA GAU KARYAPALIKA GA 1.1 ANTARIK RAJASHWO KHATA) मा रु १,०००।- (एक हजार रुपैंया मात्र) फिर्ता नहुने गरी जम्मा गरेको सक्कल भौचर ।
२. रित पूर्वक रुपमा सिलबन्दी दरभाउपत्र फारमहरु यो सूचना प्रकाशन भएको १६औं दिन १२:०० बजेसम्म सिलबन्दी गरी दर्ता गरी सक्नु पर्ने र सोही दिनको २.०० बजे यस कार्यालयमा खोलिने छ । दरभाउ पत्रदाता वा निजको प्रतिनिधि नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।
३. रित नपुगेको र म्याद नाघेर प्राप्त हुन आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।
४. सिलबन्दी दरभाउपत्र फारम खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य भोलि पल्ट सोही समयमा हुनेछ ।
५. सिलबन्दी दरभाउपत्रदाताले मैवाखोला गाउँपालिकाको लक्ष्मीसनराइज बैंकमा रहेको "मैवाखोला गाउँ कार्यपालिका ग ३ स्थानीय तह धरौटी खाता ०७६०४६२१२४७०३०१९" (MAIWAKHOLA GAU KARYAPALIKA GA 3 STHANIYA TAHA DHARAUTI KHATA) मा सिलबन्दी दरभाउपत्र जमानत रकम ५०,०००।- (अक्षरेपी पचास हजार मात्र) जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिनको दरभाउ पेश गर्ने अन्तिम मितिबाट मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।
६. सिलबन्दी दरभाउपत्र मान्य अवधि पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनेछ ।
७. सिलबन्दी दरभाउपत्र पेश गर्दा रकम अङ्क र अक्षर दुवैमा अनिवार्य उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिइने छ ।
८. पेश भएका सिलबन्दी दरभाउपत्र आंशिक, आइटम वाइज वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
९. सिलबन्दी दरभाउपत्रदाताले आफूले दिन चाहेको सामानको उत्पादक कम्पनी र उत्पादन भएको मुलुकको नाम प्रष्टसंग उल्लेख गर्नु पर्नेछ ।
१०. सिलबन्दी दरभाउपत्रमा उल्लेखित सामानको परिमाण कार्यालयले आवश्यक्तानुसार थप घट गर्न सक्ने छ, थपघट भएतापनि दरभाउ पत्र दाताले कबोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन । सिलबन्दी दरभाउपत्रमा कबोल गरेको रकमबाटै सामान कार्यालयसम्म ढुवानी गर्नुपर्नेछ ।
११. सिलबन्दी दरभाउपत्रदाताले दरभाउ पत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको फारम मात्र खरिद गर्नुपर्ने छ र सोही फारमको प्रत्येक पानामा दरभाउ पत्र दाताले फर्म वा कम्पनीको छाप सहित दस्तखत गरी पेश गर्नु पर्दछ ।
१२. एउटा फर्म वा कम्पनीले खरिद गरेको सिलबन्दी दरभाउपत्र फारम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन । यदि दाखिला गरेको पाइएमा निजले पेश गरेको सिलबन्दी दरभाउपत्र अमान्य हुनेछ ।
१३. सिलबन्दी दरभाउपत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्नेछ ।
१४. यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ । अन्य आवश्यक कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**